नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

मकवानपुर

फोन नं. :- ०५७-५२०४९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

पत्र संख्याः- ०७७/७८ मितिः- २०७८/०३/०९

चलानी नम्बरः-

## सेवा प्रवाह सम्बन्धी सूचना ।

कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका सन्दर्भमा यस कार्यालयबाट प्रदान गरिदै आइएका सेवाहरू स्थगित गरिएकोमा जनस्वास्थ्यका मापदण्डहरू अनिवार्य पालना गरी, गराई मिति २०७८-०३-१३ गतेदेखि यस कार्यालयबाट प्रवाह हुने सेवाहरू देहायबमोजिम सुचारू गरिने व्यहोरा सबैमा सूचित गरिन्छ ।

देहायः-

| सेवाको प्रकार | स्थानीयतहको नाम | सेवा प्रवाहको लागि तोकिएको दिन |
|---|---|---|
| • नयाँ नागरिकता<br>• प्रतिलिपि नागरिकता<br>• राहदानी | हेटौडा उपमहानगरपालिका | आइतबार र सोमबार |
| | थाहा नगरपालिका | मंगलबार र बुधबार |
| | राक्सिराङ्ग गाउँपालिका | |
| | कैलाश गाउँपालिका | |
| | ईन्द्रसरोवर गाउँपालिका | |
| | भिमफेदी गाउँपालिका | |
| | बागमती गाउँपालिका | बिहिबार र शुक्रबार |
| | बकैया गाउँपालिका | |
| | मकवानपुरगढी गाउँपालिका | |
| | मनहरी गाउँपालिका | |
| शान्ति सुरक्षा, विपद्, मुद्दा, संघ/संस्था, पत्रपत्रिका, नाबालक परिचय पत्र, प्रशासनिक लगायत अन्य अत्यावश्यक कार्यहरू । | सबै स्थानीय तह | सबै कार्य दिन |

पुनश्चः-

१. नयाँ नागरिकता, प्रतिलिपि नागरिकता र राहदानीका लागि स्थानीय तहअनुसार तोकिएका दिनमा मात्र सेवा लिन आउनुपर्नेछ ।

२. नागरिकता प्रमाणपत्र र नाबालक परिचय पत्र बनाउन आउनेको हकमा सम्बन्धित व्यक्ति र सनाखत गर्ने थप १ जनालाई मात्र कार्यालय परिसरमा प्रवेश गर्न दिइनेछ । अन्य सेवाको हकमा सम्बन्धित व्यक्तिलाई मात्र प्रवेश गर्न दिइनेछ ।

३. सेवा लिन आउनु अघि सेवा प्राप्त गर्नका लागि तोकिएका कागज/प्रमाणहरू अनिवार्य साथमा लिई आउनुपर्नेछ । कागज/प्रमाण नपुगेमा सेवा प्रदान गर्न सकिनेछैन । आवश्यक पर्ने कागजातको विवरण यस कार्यालयको वेबसाईट **https://daomakawanpur.moha.gov.np/** मा नागरिक सेवा बडापत्र खण्डमा गई हेर्न सकिनेछ ।

४. सेवा लिन आउने सेवाग्राहीहरूले अनिवार्यरूपमा मास्क लगाएको हुनुपर्ने, कार्यालय परिसरमा रहेको सेनिटाईजरको प्रयोग गर्ने वा साबुन पानीले अनिवार्यरूपमा हात धोएर मात्र सेवा लिनको लागि भौतिक दूरी कायम गर्दै आफ्नो पालो पर्खिनु पर्नेछ ।

..............................
(भरत मणी पाण्डे)
प्रमुख जिल्ला अधिकारी